# राजनीतिमा महिला सहभागिता, लैङ्गिक विभेद र चुनौती



**मा. सोशीला शाही** *

नेपालमा पटकपटकको राजनीतिक परिवर्तनले महिला सहभागिता र सचेतना बढाउँदै लगे पनि निर्णायक तहमा भने संविधानले दिएको अधिकारको तुलनामा ज्यादै न्यून देखिन्छ । समानुपातिक निर्वाचन प्रणालीले धेरै महिला राजनीतिमा सक्रिय हुनुका साथै स्थानीय तहदेखी राष्ट्रको गरिमामय पदमा पुग्ने मौकासम्म पाए तर त्यही समानुपातिक निर्वाचन प्रणाली अनुसार नै राष्टिय प्रजातन्त्र पाटीको तर्फबाट म कर्णाली प्रदेश सभा सदस्य भएकी हुँ तर पनि त्यसका बाबजुद धेरै चुनौतीको सामना गर्नु परेको अवस्था छ । ईतिहासकै पहिलोपटक नेपालले राष्ट्रपति, सभामुख र प्रधानन्यायाधीशको रुपमा महिलालाई पायो । यसले विश्वभर नेपाललाई फरक पहिचान पनि दियो तर हाल निर्णय प्रक्रियामा पुरुष नै देखिएकाले यो गरिमामय ईतिहास फेरी नदोहोरीने हो कि भन्ने हालको परिवेशले संकेतगरेको अवस्था छ । तैपनि नीति निर्माण तहमा तथा निर्णायक ठाउँमा महिलाको समान र उल्लेखनीय सहभागिता अहिले पनि भएको छैन । जहानिया राणाशासन देखी राजतन्त्र हुँदै मुलुक गणतन्त्रमा पुगिसके पनि मानसिकता, आर्थिक, सामाजिक र सांस्कृतिक संरचनामा भने परिवर्तन गर्न नसकेकाले अझै पनि महिलाको क्षमतामाथि विश्वास नगरीने अवस्था जस्ताको तस्तै छ । अझै पनि राजनीतिक दलको नेतृत्वमा रहेकाहरुमा संरचनागत विभेद भत्काउन नसकेसम्म महिलालाई नेतृत्व तहमा पुऱ्याउन गाह्रो हुने अवस्था छ । नेपालको संविधानले महिला सहभागिता एकतिहाइ सुनिश्चित गरे पनि कुनै न कुनै उपाय लगाएर महिला संख्या पुऱ्याउने प्रयासमै पाटीहरु केन्द्रीत रहेको पाइन्छ । कानूनले दिएको ठाउँमा पनि कस्ता महिलालाई पठाउनु पर्छ भन्ने जागरण अझै आइसकेको छैन । म जान पाए पुग्यो । नपाए यसलाई पनि जान दिन्न भन्ने प्रवृत्ति हाबी भएकाले र महिलाबीच खुट्टा तान्ने संस्कारले पनि महिलालाई पछि पारेको देखिन्छ । महिलालाई नेतृत्वको रुपमा संस्थागत गराउन पार्टी र पितृसत्ताले नमान्नु नै आजको मुख्य समस्याको जड हो ।

---

* प्रदेश सभा सदस्य, कर्णाली प्रदेश

महिलालाई समेट्नका लागि समानुपातिक प्रणाली निकै राम्रो र समावेशी पद्धती हो । तर पनि यो प्रणालीलाई नेताहरुले आफ्नो अनुकुल प्रयोग गर्ने गरेकाले दिग्गजदेखी भर्खरकासम्म यसैबाट आउनुपर्ने भएकाले प्राय योग्य व्यक्ति पनि पाखा लाग्ने गरेको पाइन्छ । समग्रमा भन्नुपर्दा राजनीतिमा महिला सहभागिता बढ्दो भए पनि गुणात्मक र सम्मानित सहभागिता भएको भने पाइदैन । मुलुक संघीय संरचनामा स्थानीय, प्रदेश हुँदै संघमा गइसकेको छ । जसमा ७५३ वटा स्थानीय निकाय, ७ वटा प्रदेश र एउटा संघ रहेको छ । स्थानीय निकायमा उपप्रमुख, महिला सदस्य र दलित महिला सदस्यको उपस्थित छ । त्यो पनि संविधानले दिए अनुसार मात्रै प्रतिनिधित्व गरीएको हो । सात वटा प्रदेशमा एउटा पनि महिला मुख्यमन्त्री हुनुहुन्न । हाल कर्णाली प्रदेश सरकारका सात मन्त्री मध्ये एकजना मात्रै महिला मन्त्री हुनुहुन्छ । संविधानमा व्यवस्था भएको ३३ प्रतिशत को अधिकार प्रयोग गर्दा पनि कर्णाली प्रदेश सरकारमा महिलाको प्रतिनिधित्व १४ प्रतिशत मात्रै हुन आउँछ । यस अवस्थाको चित्रण गर्दा सरकारलाई पुन हेक्का रहोस् । अहिले संविधान र कानूनलाई दोष दिने कुनै ठाउँ नभएकाले दलभित्रको संरचना महिलामैत्री बन्न नसकेकाले यस्तो अवस्था आएको हो ।

संविधान निर्माण गर्ने बेलामा महिला पनि त्यहाँ उपस्थित रहेकाले सात प्रदेश मध्ये यती वटामा अनिवार्य महिला मुख्यमन्त्री हुनुपर्ने र सात जनाको मन्त्रीमण्डलमा यती जना महिला मन्त्री अनिवार्य हुनुपर्ने वा प्रतिशतको आधारमा यती प्रतिशत अनिवार्यमहिला मन्त्री हुनुपर्ने प्रावधान राखिदिएको भए पनि आज कहीं न कहीं त महिला मुख्यमन्त्री हुन्थे होला । स्थानीय तहको उपप्रमुखमा मात्रै संविधानमा लेख्ने व्यवस्था हुने ठाउँमा के मुख्यमन्त्री पदमा महिलाको व्यवस्था अनिवार्य लेख्न मिल्दैनथ्यो होला त रु आज पनि प्राय दलहरुमा  पुरुषकै हालीमुहाली भएकाले समाजमा देखाउनकै लागि मात्रै उनीहरुले आफूसँग नजिक रहेकालाई मन्त्रिपरिषद् र अन्य स्थानमा लैजाने चलन चल्तीमा रहेको छ ।  महिलाले संख्यात्मक उपलब्धी मात्र हेरेर हुँदैन आफ्नो गुणात्मक वृद्धी पनि सँगै  लैजानुपर्छ । पितृसतात्मक सोचमा आधारीत सामाजिक मुल्य मान्यता तथा सदियौ देखी चली आएको महिला प्रतिको भेदभावपूर्ण व्यवहार नेपाली  समाजको यथार्थ हो । लैगिंक विभेदले शोषण र हिंसाका घटनालाइ मलजल गर्न मद्यत गरेको हुन सक्छ भने महिलाको अवस्थालाई दुरगामी असर पर्ुयाएको देखिन्छ । यसले महिलाहरुको आर्थिक, सामाजिक तथा राजनीतिक अवस्थालाई समेत कमजोर बनाउँदछ । समतामूलक दिगो राष्टिय विकासका लागि पुरुष सरह महिलाहरुको सक्रिय र अर्थपूर्ण सहभागिता अपरिहार्य रहन्छ । यिनै असमानतालाई मध्यनजर गरी आज भन्दा सयौ वर्ष अगाडी समानता, न्याय, शान्ति र विकासको लागि प्रारम्भ गरीएको अभियानको स्मरण गर्दै मार्च ८ को दिनलाई विशेष महत्वका रुपमा लिई विश्वभर अन्तराष्टिय महिला दिवस मनाउदै आईरहेको छ । हाम्रो समाजमा एउटा उखान छ । कामले काजी हुनेकी नामले । मान्छे

नामले होइन, कामले काजी हुने हो । तर आजभोली कामले भन्दा नामले काजी हुनेको होडबाजी चलिरहेको छ । धेरै कुराहरु गरेर सिकिन्छ । हामीले किताबमा लेखेका कुरा मात्रै पढ्ने कि व्यवहारमा सिकेर पढ्ने भन्ने कुरा नितान्त फरक हुन् ।

एउटा पानामा लेखिएको एउटा बाक्य पुरा गर्न एउटा मान्छेलाई सिंगो जीवन लाग्न सक्छ। कसैको लागि जीवन भर गरेको कुरालाई एउटा बाक्यमा लेखिदिन पनि सकिन्छ । सबैभन्दा ठूलो कुरा व्यवहारमा सिक्ने हो । काम दिएपछि वा त्यो खालको अवसर पाएपछि मात्र धेरै कुरा सिक्न सकिन्छ । जन्मिदै कसैले त्यस्तो प्रतिभा लिएर आएको हुँदैन । मानिस भित्रको अन्तरनिहित प्रतिभा जिम्मेवारी पाइसकेपछि मात्रै प्रस्फुटन हुन्छ । जिम्मेवारी नै नपाउँदा कसैले पनि आफ्नो क्षमता वा प्रतिभा देखाउन सकिरहेको हुँदैन । अहिले महिलाको सहभागिता विनाको राजनीति सम्भव छैन भन्ने बहस चाँही चलेको छ, तर व्यवहारमा महिलाको अपेक्षाकृत सहभागिता चाहिँ हुन सकेको छैन । हुन त संसारमा कतै पनि महिला पुरुषको शतप्रतिशत समान सहभागिता र अवसरमा पहुँच छैन । समान अवसर र पहुँच नहुनुमा परम्परागत भूमिका, कार्यशैली र कार्यक्षेत्रको निर्धारणले भूमिका खेलेको छ । तर सहभागिता र पहुँचको मात्रा भने विकसीत मुलुक र विकाशोन्मुख मुलुक बीच अवश्य फरक छ। विकसीत मुलुकमा महिला सहभागिता तुलनात्मक रुपमा बढी छ । हाम्रो देशको सन्दर्भमा परम्परागत बुझाइ, दृष्टिकोण र मान्यताहरुका कारण महिलालाई विकासको मुलधारमा प्रबेश गराउन कठीन छ । हाम्रो समाज पुरुषलाई मान महिलालाई माया भन्ने मान्यता राख्दछ । महिलालाई अवसर र भूमिका होइन माया र दयाका पात्र बनाइन्छ । यसलाई चिर्न हरेक क्षेत्रमा महिला सहभागिता गराई विकासलाई समन्यायिक र मानवीय बनाउनुपर्छ । यसको शुरुवात पहिला आफूबाटै गरीनु पर्दछ । छोरालाई सम्पती र छोरीलाई दायित्व बुझ्ने समाज छ । पछिल्लो समय राजनीतिमा महिला सहभागिता बढेको अवस्था छ । तर यो संख्यामा सीमित छ । सहभागिताको सवाल संख्यामा भन्दा शक्तिमा खोज्नुपर्छ ।

सबै ठाउँमा संख्या ठूलो हुँदैमा शक्ति ठूलो हुँदैन । शक्तिको निर्धारण काहिँ संख्याले, काहिँ स्वरले, काहिँ अर्थले र काहिँ परम्परागत मुल्य मान्यताले गर्छ भने कतिपय ठाउँमा उलेख्य संख्यामा महिलाको सहभागिता बढेपनि निर्णयमा हाबी पुरुषकै छ । महिलाहरु किनाराका साक्षी मात्र बनेका छन् । महिलालाई कम महत्व दिने गरीएको छ । सम्मानजनक प्रतिनिधित्व अझै भएको छैन । त्यसैले सहभागिता मात्र होइन अर्थपूर्ण सहभागिताको बहस आवश्यक रहेको छ । राजनीतिले देश चल्छ, नीति नियम बनाउँछ समग्र क्षेत्रमा पहुँच राख्दछ त्यसैले राजनीतिमा महिला सहभागिता नै विकासको मुलधारमा महिला सहभागिताको अर्थमा बुझ्न थालिएको छ । महिला स्वतन्त्रता, समानता,

समता, सहभागिता, आरक्षण, सशक्तीकरण आदी महिलाका सवाल जल्दाबल्दा विषय भएका छन् । सेवामा महिलाको पहुँच वृद्धी भएको छ । लैंगिक समानता अर्थात् बराबर हिस्साको बहस हरेक ठाउँमा चलेको छ । नेपालको संविधानले सबै नागरिक कानूनको अगाडी समान हुने, लिंगको आधारमा भेदभाव नगरिने, महिला पुरुषबीच समान कामको निमीत्त पारिश्रमीकमा भेदभाव नगरिने, महिला वर्गका उत्थानका लागि विशेष कार्यक्रम ल्याइने, महिला वर्गको स्वास्थ्य, शिक्षा र रोजगारीको विशेष व्यवस्थागर्ने र महिलाको उत्थानको लागि सकारात्मक विभेदको नीति लिएको छ । राजनीतिमा महिला सहभागिताको सवाल जोडिएको छ । समता अर्थात अवस्था हेरी पहुँच विस्तार शक्ति वितरण, कम क्षमता भएकालाई विशेष प्राथमिकता र हरेक क्षेत्रमा सहभागिता नै सशक्तिकरण हो । महिला विकासको सामाजिक पक्ष, आर्थिक पक्ष, शैक्षिक पक्ष, प्रशासनिक पक्ष, प्राविधिक र न्यायिक पक्ष आदिलाई राजनीतिक पक्षसँग जोड्नु आवश्यक छ । किनभने राजनीति छुट्टै विषय होईन, सबै विषयको मिश्रण हो । राजनीतिले हरेक पक्षलाई छुन्छ । देश चलाउने नीति राजनीति हो । तर देश चलाउने नीतिमा राजनीति, अर्थनीति, समाज सबैको भूमिका हुन्छ । एउटा पक्षमा आएको परिवर्तनले महिला सहभागिता मात्र नसकिने हुँदा सबै पक्षमा सशक्तिकरण आवश्यक छ ।